नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

# प्रेस विज्ञप्ति

## मिति: २०८३/०५/१६

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण विद्युत् पूर्वाधारमा ठूलो क्षति पुगेपछि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले प्रभावित रसुवा र नुवाकोट जिल्लाका जलविद्युत आयोजना, विद्युत संरचना तथा प्रभावित समुदायको उद्धार, राहत, समन्वय र विद्युत् आपूर्ति पुनःसुचारु गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाएको छ। उक्त कार्यका लागि आज भएका प्रमुख प्रगति निम्नानुसार रहेका छन्।

१. बाढीबाट विद्युत आपूर्ति अवरुद्ध भएको क्षेत्रमा नेपाल विद्युत प्राधिकरणको चिलिमे हब २२० के.भि. सबस्टेसनबाट सम्भव भए सम्मका बाढीबाट प्रभावित वरपरका क्षेत्रमा विद्युत सेवा सुचारु गर्न साञ्जेन जलविद्युत आयोजना (७८ मे.वा.)लाई आइसोलेटेड (Isolated) मोडमा सञ्चालन गरी रसुवा जिल्लाको आमाछोदिङमो गाउँपालिकाको अधिकांश स्थानमा विद्युत आपूर्ति सुचारू गरिएको।

२. तत्काल विद्युत सेवा सुचारु गर्न नसकिने समुदायलाई मन्त्रालयको निर्देशनमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र मार्फत खरिद गरिएका ७ सेट तथा CSR अन्तर्गत प्राप्त ३ सेट गरी जम्मा १० सेट संस्थागत सौर्य विद्युत् प्रणाली रसुवाको गोसाइँकुण्ड गाउँपालिका वडा नं. १, २ र ३ मा ४ सेट, आमाछोदिङमो गाउँपालिका वडा नं. १ र २ मा २ सेट, नुवाकोटको विदुर नगरपालिका वडा नं. १० र ११ मा २ सेट, बेलकोटगढी नगरपालिका वडा नं. ८ मा १ सेट तथा धादिङको गल्छी गाउँपालिका वडा नं. ६ मा १ सेट वितरण गर्ने निर्णय गरिएको। यस बाट प्रभावित तथा दुर्गम बस्तीमा आधारभूत विद्युत् सेवा उपलब्ध गराई राहत, उद्धार तथा दैनिक जनजीवन सहज बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको।

३. स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (IPPAN) ले भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा विपदबाट प्रभावित नागरिकहरूको राहत तथा उद्धारमा सहयोग पुर्‍याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने गरी रु. १३ करोड १ (तेह करोड एक) रुपैयाँको चेक माननीय मन्त्रीज्यूमार्फत हस्तान्तरण गरेको र उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने।

४. बाढीका कारण सम्पर्कविहीन रहेका व्यक्तिहरूको खोजी तथा उद्धारका लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको समन्वयमा माननीय गृहमन्त्रीज्यूसहित विद्युत् आयोजनाका प्रवर्द्धकहरूसँग छलफल गरी बाढीग्रस्त क्षेत्रमा नुवाकोटको बट्टारसम्म सडकमार्गबाट ढुवानी गरिएका पम्प, एक्स्काभेटर लगायतका उद्धार तथा रेस्क्यु सामग्री गृह मन्त्रालयको समन्वयमा हेलिकोप्टरमार्फत सम्बन्धित आयोजनास्थलसम्म पुर्‍याउने कार्य भएको।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :

च.नं. :

५. नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोलीको निरन्तर प्रयासपछि रसुवा जिल्लाको कालिका र नौकुण्ड गाउँपालिकाका अधिकांश क्षेत्रमा तथा गोसाईंकुण्ड गाउँपालिका अन्तर्गत धुन्चे, भार्खु र गोसाईंकुण्ड क्षेत्रमा विद्युत् सेवा सुचारु गरिएको। बाँकी प्रभावित क्षेत्रमा पनि आवश्यक जनशक्ति, उपकरण तथा स्रोत-साधन परिचालन गरी विद्युत् सेवा यथाशीघ्र नियमित गर्ने कार्य जारी रहेको।

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता